"सदस्य सेवाको बचतको बहार
सुनौलो भविष्यको सुन्दर उपहार"

# १३औं

# वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन २०७९/०८०

दर्ता नं. ३८३२/०६८/६९

# सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.

**SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.**


**मूख्य कार्यालय:**
का.म.न.पा.- ३२, कोटेश्वर
फोन नं.: ०१-५१९९०९८, ५१९९४७९

**सदस्य सेवा केन्द्र:**
का.म.न.पा.-१४, कुलेश्वर
फोन नं.: ०१-५१६५२१४, ५१६५२३१

का.म.न.पा.-२४, इन्द्रचोक
फोन नं.: ०१-५९१४३११, ५९१४३१२

sewasadasya@gmail.com www.sadasyasewa.com.np Sadasya Sewa Sacos

# ११ औं बार्षिक साधारण सभाको केहि झलकहरु






















# राष्ट्रिय गान



सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुजाति भाषाधर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

# सहकारीका सात सिद्धान्तहरू

१. स्वेच्छिक तथा खुल्ला सदस्यता ।
(Voluntary and Open Membership)

२. सदस्यहरुद्धारा स्वेच्छिक प्रजातान्त्रिक नियन्त्रण
(Democratic Member Control)

३. सदस्यहरुको आर्थिक सहभागिता
(Member Economic Participation)

४. स्वायत्तता र स्वतन्त्रता
(Autonomy and Independent)

५. शिक्षा, तालिम र सूचना
(Education, Training and Informarion)

६. सहकारी बीच सहकार्य
(Co-operation among Co-operatives)

७. समुदायप्रति चासो
(Concern for Community)

# विषय सुची


| विषय | पेज |
| --- | --- |
| साधारण सभाको सुचना | |
| राष्ट्रिय सहकारी महासंघ लि. नेपालको शुभकामना | |
| राष्ट्रिय सहकारी बैंकको शुभकामना | |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कन) को शुभकामना | |
| बागमती प्रदेश सहकारी संघ लिमिटेडको शुभकामना | |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को शुभकामना | |
| जिल्ला सहकारी संघ लि., काठमाडौं को शुभकामना | |
| कास्कून काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को शुभकामना | |
| अध्यक्षको बार्षिक प्रतिवेदन | १ |
| लेखा समितिको बार्षिक प्रतिवेदन | ५ |
| लेखापरिक्षकको प्रतिवेदन | ८ |
| वासलात | ११ |
| आय व्यय विवरण | १२ |
| नगद प्रवाह | १३ |
| नाफा नोक्सान बाँडफाँड हिसाब | १४ |
| ईक्वीटीमा भएको परिवर्तनको विवरण | १५ |
| अनुसूचीहरू | १६ |
| लेखानीति र लेखा सम्बन्धी टिप्पनीहरू | २४ |
| टिपोट | ३० |

दर्ता नं. ३८३२/०६८/६९

सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.

च. नं.: १३२/२०८०/०८१

मिति: २०८०/०८/१४ गते

श्री ....................................
....................................

विषय : **१२ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

उपरोक्त सम्बन्धमा यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८०।०८।०९ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १२ औं वार्षिक साधारण सभा निम्न प्रस्तावहरू उपर छलफल गर्ने गरी निर्णय गर्नका लागि निम्न मिति समय र स्थानमा सभा हुने भएकाले सम्पुर्ण शेयरधनी महानुभावहरूको गरिमामय अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाका प्रस्तावहरू:**

१. अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत गर्ने र पारित गर्ने सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्ने र पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९/०८० लेखा परीक्षणको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. आ.ब. २०८०/०८१ को लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रामिक निर्धारण गर्ने सम्बन्धमा
५. सञ्चालक समितिले हालसम्म गरेको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६. कार्यकारी प्रमुखको तलब भत्ता निर्धारण गर्ने साथै सञ्चालक समिति र लेखा समितिको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा साथै अध्यक्षको भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समितिले तयार गरेको विभिन्न नीतिहरु र कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
८. शेयर लाभांस वितरण गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिका हस्ताक्षर गरी प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१०. सञ्चालक समिति र लेखा समितिको रिक्त रहेको पद पूर्ति गर्ने सम्बन्धमा ।
११. विविध ।

**कार्यक्रम हुने मिति, स्थान र समय:**

मिति : २०८०।०९।०५ गते बिहिबार
समय : दिउसो २:०० बजे देखी
स्थान : थापागाउँ ब्याङ्क्वेट, नयाँ बानेश्वर, काठमाण्डौ ।

(नोट: निर्वाचन सम्बन्धि कार्यक्रमको लागि संस्थामा सम्पर्क गर्नुहोला ।)

सचिव
सञ्चालक समितिको आज्ञाले

**मूख्य कार्यालय:**
का.म.न.पा.- ३२, कोटेश्वर
फोन नं.: ०१-५१९९०९८, ५१९९४७९

**सदस्य सेवा केन्द्र:**
का.म.न.पा.-१४, कुलेश्वर
फोन नं.: ०१-५१६५२१४, ५१६५२३१

का.म.न.पा.-२४, इन्द्रचोक
फोन नं.: ०१-५९१४३११,५९१४३१२

**E-mail:** sewasadasya@gmail.com
info@sewasadasya.com
**Website:** www.sadasyasewa.com.np

स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
COOP



# शुभकामना

सदस्य केन्द्रीत व्यवसायिक गतिविधि गर्दै परिणाममूखी कार्यक्रमहरु गरी संस्थाले सदस्यका आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय संरक्षणको लक्ष्य हासिल गर्न स्थापना भएको कोटेश्वर, काठमाडौंमा रहेको **सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.**ले खेलेको भूमिका स्मरणयोग्य रहेको छ । सहकारी मूल्य, मान्यता, सिद्धान्त, वित्तीय अनुशासन एवं पारदर्शिताका साथ सदस्य किसानहरुलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै आएको संस्थाले सदस्यहरुको आयस्तर बृद्धि गरी सदस्यहरुको जीवनस्तर उकास्न सहयोगी भूमिका खेल्दै आइरहेको छ । सो संस्थालाइ १२औं **बार्षिक साधारणसभाको** उपलक्ष्यमा यस महासंघ हार्दिक शुभकामना व्यक्त गर्दछ । साथै सो अवसर पारेर संस्थाको गतिविधि झल्किने गर **बार्षिक प्रगति प्रतिवेदन** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ । त्यस प्रतिवेदनले सदस्यलाई संस्थाको सम्पूर्ण गतिविधि र कारोबारको विषयमा स्पष्ट जानकारी गराउने विश्वास लिएका छौं ।

जटिल परिस्थितिमा समेत समुदायसँग प्रत्यक्ष जोडिएर सहकारीले खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दछौं । यतिबेला सहकारी संघ/संस्था सामु थप जवाफदेही भइ जिम्मेवारी बहन गर्नु पर्ने अवसर समेत सिर्जना भएको छ । साथै, संयुक्तराष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेका दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि आफ्नो नीति, बजेट, कार्यक्रममा र प्रतिवेदनमा समेत यो विषयलाई प्राथमिकताका साथ समावेश गर्नु भएको छ भन्ने विश्वास छ । दीगो विकास लक्ष्य प्राप्तिका लागि प्रत्येक संस्थाले गरेको योगदानलाई अभिलेख राखी त्यसलाई अभियानको माथिल्लो निकायमा पेश गरी सहकारीको योगदानलाई एकिकृत गर्न समेत अनुरोध छ ।

यस अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी तथा आवद्ध सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । अन्त्यमा, सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाकासाथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

राष्ट्रिय सहकारी बैंक लिमिटेड
National Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

मिति : २०८०।०८।२६

## हार्दिक शुभकामना



मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य भएको हुँदा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्धसाधन र स्रोतको अधिकतम परिचालनद्धारा तीब्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउदै समाजबाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने गरि आर्थिक उद्देश्य हुने कुरा नेपालको संविधान २०७२ को निर्देशक सिद्धान्तको रुपमा हामीले आत्मसात गरेका छौं ।

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य मात्रामा योगदान गरिरहेको प्रधान कार्यालय **का.म.न.पा.-३२, कोटेश्वरमा** स्थित **सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** आफ्नो **१२ औं वार्षिक साधारण सभाको** अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु, वार्षिक कार्यक्रम तथा बजेट, लेखा परिक्षण प्रतिवेदन, लेख रचना तथा विभिन्न गतिविधिहरु सहित समसामयिक विषयको जानकारी दिने उद्देश्यले **"वार्षिक प्रतिवेदन पुस्तिका"** प्रकाशन गरि सदस्य माफ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा संस्थाका शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् संस्था परिवारलाइ हार्दिक बधाई दिन चाहान्छु ।

यस सहकारी संस्थाले त्यस क्षेत्रमा नागरिकहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दछु ।

अन्तमा यस सहकारी संस्थाले आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबि न्यूनिकरण, लैंगिक समानता, सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित **१२ औं वार्षिक साधारण सभाको** पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**के.बि उप्रेती**
**अध्यक्ष**

'हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य'

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर ०१-५१८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता



**श्री अध्यक्षज्यू**
**सदस्य सेवा साकोस**
**का.म.न.पा.-३२,**
**कोटेश्वर ।**

## शुभकामना

यस संघमा आवद्ध **सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.को** १२औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिबेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको १२औं वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८०/०८/२६

परितोष पौड्याल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

"सुदृढ अभियान, सशक्त तथा सक्षम संघ" दर्ता नं. ०००१/२०७७/०७८

# बागमती प्रदेश सहकारी संघ लिमिटेड
## Bagamati Province Cooperative Union Limited (BPCL)

मिति :२०८०/०९/०१

प.सं. : २०८०/०८१

च.नं. : १०३



**शुभकामना !**

**सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**

**काठमाण्डौ म.न.पा-३२, काठमाण्डौ ।**

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्यूनिकरणका लागि सार्वजनीक, निजी र सहकारी क्षेत्र सहितको तीनखम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेकोले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा सर्वविदितै छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य रहेको छ ।

आफ्ना सदस्यहरुको चौतर्फि हित र आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयनका लागि सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो भूमिका प्रभावकारी रुपमा निर्वाह गर्दै आईरहेको हामिले पाएका छौं । आवश्यकता अनुसार सदस्यहरुको विकास र प्रवर्द्धनका लागि संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुले अझ थप निरन्तरता र सफलता प्राप्त गर्न सकोस् । वर्तमान विषम परिस्थितिबाट निकासा पाउनका लागि सहकारी अभियानले सहकार्य र आपसी एकता कायम गर्नुको विकल्प छैन । त्यसैले त्यस दिशातर्फ अग्रसर हुने प्रेरणा मिलोस् भन्ने कामना व्यक्त गर्दछु । सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको **१२ औं वार्षिक साधारणसभाको** अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी तथा आवद्ध सम्पूर्ण सदस्यहरुमा बागमती प्रदेश सहकारी संघ लिमिटेड र मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । साथै आगामी दिनहरुमा संस्थाको प्रगतिको थप उचाई कायम होस् भन्ने कामना व्यक्त गर्दछु ।

अन्त्यमा, सहकारीको मूल्य, मान्यता र विश्वव्यापी सिद्धान्तहरुको पूर्ण रुपमा पालना गर्दै अगाडी बढीरहेको सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारी क्षेत्रमा देखिएको भ्रमलाई चिर्दै सहकारीका सदस्यहरु माझ विस्वासको वातावरण निर्माण गर्दै समग्र सहकारी अभियानलाई सामान्य अवस्थामा पुर्याउन ठोस भूमिका निर्वाह गर्न सकोस् भन्ने कामना व्यक्त गर्दछु ।

धन्यवाद ! जय सहकारी !!

रामशरण शर्मा घिमिरे
अध्यक्ष

ललितपुर महानगरपालिका - १५, ललितपुर, फोनः ०१-५५२०३२६
Email: bpcoul077@gmail.com

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

आवद्धता

बागमती प्रोस्कून

**बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.**

**Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.**

केन्द्रीय कार्यालयः बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक

मिति :२०८०/०९/०१
प.सं : २०८०/०८१
च.नं.: २६४

श्री अध्यक्ष ज्यू,
सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौ महानगरपालिका-३२, कोटेश्वर, काठमाडौं

## शुभकामना

**श्री सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था** लि. ले आफ्नो १२ औं वार्षिक साधारण सभामा प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

**सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था** लि. काठमाडौं जिल्लाको कोटेश्वर स्थापित भई आफ्नो कार्यक्षेत्र भित्रका आम जनसमुदायहरुलाई संस्थामा आवद्ध गराई उनीहरुको वित्तीय आवश्यक्ता पूरा गर्नका लागि स्थापित भई सक्रिय रहेको सहकारी संस्था हो ।

नेपालको वित्तीय क्षेत्र तरलता न्यूनताको अवस्थासंग जुधिरेहेको छ । भावी दिनमा पनि संस्थाले वर्तमान समयमा जस्तै आफ्नो छवीलाई अझै उच्च बनाउदै सदस्यहरुको बचतको सुरक्षाको प्रत्याभूति गराउन सफल रहोस भन्ने शुभकामना व्यक्त गर्दछु । यसका लागि संस्थाले थप रणनीतिहरुको विकास गर्दै, वित्तीय सुरक्षा, संचालन प्रकृयाको प्रभावकारितामा वृद्धि, सञ्जालहरुको सहाकार्यमा विशेष जोड दिंदै सदस्य सेवाको स्तरलाई अझै सुध्रिढ बनाउँदै अभियानको अनुसरण योग्य संस्थाको रुपमा छवि विकास गर्दै जानका लागि यस साधारण सभाले थप हौसला प्रदान गरोस भन्ने कामना गर्दछौं ।

अन्तमा, संस्थालाई वर्तमान अवस्थासम्म ल्याउनका लागि अथक मेहनत गर्ने पूर्व सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिहरु तथा सहकारी अभियान्तहरुमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गदै आगामी कार्यकालका लागि संस्थालाई अझै गतिशिल बनाउन समक्ष संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिको चयन गर्न सफल रहोस भनि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिति : २०८० पौष ०१ गते आइतवार

भवदीय
उद्धव सापकोटा
अध्यक्ष

Head Office: Banepa-07, Kavrepalanchok
Tel.: 011-665368
Email: bagmatiproscun@gmail.com
www.bagmatiproscun.org.np

दर्ता नं. ४५७/०५६ फोन नं.: ०१-४७८३१५१

# जिल्ला सहकारी संघ लि., काठमाडौं
(District Co-operative Union Ltd., Kathmandu)

बिजुलीबजार, काठमाडौं, नेपाल

चलानी नं. २२ /०८०/८१
पत्र संख्या नं.

मिति : २८/०८/२०८०

"सबल, सक्षम र गतिशील संघ"



## शुभकामना

जिल्ला सहकारी संघ लि.काठमाडौको सदस्य संस्था **सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड** ले आफ्नो १२औं वार्षिक साधारण सभाको अवसरमा संस्थाको विभिन्न गतिविधि समेटेर प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुशी प्रकट गर्दै स-धन्यवाद सहित शुभकामना व्यक्त गर्दछु ।

सदस्यहरुको सहभागीता र व्यवस्थापनमा सञ्चालन हुने सहकारीहरुले नेपालको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । त्यसैले नेपाल सरकारले सहकारीलाई सरकारी र निजी क्षेत्र सरह राष्ट्रिय अर्थतन्त्रमा सहभागीता गराउदै तीनखम्बे अर्थनीति अवलम्ब्न गरि रहेको छ ।

**सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड** यहाँहरु मार्फत आफ्ना सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकासमा गर्नुभएको काम प्रशंसनिय छ । हाल सम्मका उपलब्धिहरुलाई संस्थागत गर्दै आगामी दिनहरुमा अझ सवल सक्षम र पारदर्शी ढंगले अगाडी बढ्नका साथै संस्थाको प्रगति र संस्थागत समृद्धिको लागि पनि हार्दिक शुभकामना व्यक्त गर्दै संस्थाको प्रगती संस्थाका सदस्यका लागि उपयोगी हुने अपेक्षा गर्दै सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद

जय सहकारी ॥।

ज्ञान बहादुर तामाङ
अध्यक्ष

दर्ता नं.: ७९१-०५९/०६०, स्थायी लेखा नं. : ६०१६४८६१६

"गुणस्तरीय सेवा सहितको उत्कृष्ट संघ"

नेफस्कून

# कास्कून

## काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## Kathmandu District Savings & Credit Co-operative Union Ltd.

श्री अध्यक्ष ज्यू,
सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा वडा नं.-३२, कोटेश्वर, काठमाडौं ।



## शुभकामना

यस संघमा आवद्ध सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १२औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशन गर्न गईरहेको वार्षिक प्रतिवेदन प्रकाशनार्थ कास्कूनको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी गौरवान्वित भएका छौं ।

संस्थाले सहकारी मूल्य, मान्यता, आदर्श, सिद्धान्त तथा सहकारी कानून, मापदण्ड एवं स्वीकृत विनियम प्रति निष्ठावान रही आफ्ना श्रोत साधन, सीप र क्षमताको अधिकतम परिचालन गर्दै सदस्यहरुको शेयर, बचत, भौतिक सम्पत्ति र शाखलाई सदैव अक्षुण र सुरक्षित राख्ने अपेक्षा गर्दछौं । त्यसैगरी आफ्ना वित्तीय र गैह्रवित्तीय कारोवार संचालन गर्ने सन्दर्भमा विश्वस्त रहदै सदस्यहरुको हित, संवृद्धि, उन्नति, प्रगति र संस्थागत विकासका लागि संस्थाका पदाधिकारीहरु, संचालकहरु, कर्मचारीहरु तथा अन्य सम्पूर्ण पक्षहरु लागि पर्नुहुनेछ र सदैब गुणस्तरीय सेवा प्रदान गर्दै सहकारी क्षेत्रको विकासमा त्यस साकोसको अग्रणी भूमिका रहनेछ भन्ने विश्वास लिएका छौं ।

हाल विश्वव्यापी आर्थिक परिदृष्यले देशको समग्र अर्थतन्त्रमा पारेको प्रभाव तथा सहकारी संस्थाहरुलाई समेत प्रत्यक्ष असर गरेको सन्दर्भमा देखा पर्ने अवस्थाको सामना गरी निरन्तर सदस्यको अपेक्षा अनुरुपका वस्तु तथा सेवा विकास गरि सेवा प्रवाहमा समर्पित हुन हौसला मिलोस भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई दिन चाहन्छु ।

देशको केन्द्रीय राजधानी काठमाडौं जिल्लाको साकोस अभियानमा साकोसको व्यवसायीकरण, प्रवर्द्धन र सञ्जालीकरणका लागि कास्कून नेतृत्व गरिरहेको छ । यसका लागि केन्द्रिय, प्रादेशिक र स्थानिय सरकारसँगको सहकार्य र समन्वय मार्फत सहकारी ऐन, कानुनहरुमा वहस एवम् पैरबी गर्दै आईरहेका छौं । "गुणस्तरीय सेवा सहितको उत्कृष्ट संघ" भन्ने कास्कूनको परिकल्पना पुरा गर्न त्यस संस्थाको निरन्तर सहयोगको अपेक्षा साथ स्थानिय स्तरमा रहेका साकोसहरुलाई संघमा आवद्धता र गुणस्तरीयताका लागि पहल गर्नु/गराउनु हुन हार्दिक अनुरोध गर्दै संस्थाको संचालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उप-समितिहरु, व्यवस्थापन टीम एवं संस्थाका सम्पूर्ण सदस्यहरुलाई पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !
मिति : २०८० मंसिर २७ गते

दिपक पनेरु
अध्यक्ष

Email: ktmfed@gmail.com, Web: www.kasccun.com

मुख्य कार्यालय चाबहिल, फोनः ०१-४५८२४५६, ४५९१८७४
सदस्य सेवा कार्यालय कलंकीः ०१-५२३४६७५, गोंगबुः ०१-५९०७०९१
कीर्तिपुरः ०१-५९०२०१२

# १२ औं वार्षिक साधारण सभामा सञ्चालक समतिको तर्फबाट प्रस्तुत आ.व. २०७९/०८० को अध्यक्षज्यूको वार्षिक प्रतिवेदन

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरेर पाल्नु भएका आदरणीय प्रमुख अतिथि बागमति प्रदेश माननीय एवम् जिल्ला सहकारी संघ लि. काठमाडौंका अध्यक्ष श्री ज्ञान बहादुर तामाङ ज्यू, विशिष्ट अतिथि काठमाडौं बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष श्री दिपक पनेरू ज्यू, अतिथीज्यूहरु, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका पदाधिकारी ज्यूहरू, कानूनी सल्लाहकारज्यू, लेखा समितिका पदाधिकारीज्यूहरु, विभिन्न समिति, उप-समितिका पदाधिकारीज्यूहरू, लेखा परीक्षकज्यू, यस संस्थाका शेयर सदस्य महानुभावज्यूहरु, पत्रकार मित्रहरु, संस्थाका कर्मचारी साथीहरु, यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

आज भन्दा १२ बर्ष अगाडी तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाडौंबाट दर्ता भई नयाँ व्यवस्थापन आ.ब. २०७०/०७१ बाट शुरूवात गरि विभिन्न आरोह अवरोह पार गर्दै सहकारी क्षेत्रमा एउटा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छौं । सर्व प्रथम सदस्यहरूको बचतको सुरक्षालाई प्राथमिकता दिंदै सदस्य महानुभावहरूको विश्वास, निरन्तर साथ र सहयोगले संस्थाको दिगो विकास गर्दै र सदस्यहरूलाई छिटो, छरितो सेवा प्रदान गरि सदस्यहरूको सन्तुष्टिलाई नै संस्थाको मुख्य सफलता हो भन्ने मूलमर्म र ध्येय अनुसार कार्य गर्दै आइरहेको व्यहोरा सदस्यहरू सामु जानकारी गराउन चाहान्छु । हाल संस्थाको कोटेश्वर-३२, काठमाडौंमा मूख्य कार्यालय रहेको र सदस्य सेवा केन्द्र कुलेश्वर र न्यूरोड इन्द्रचोकबाट सदस्यहरूलाई सेवा प्रवाह गरिरहेको जानकारी गराउन चाहान्छु ।

वितग केहि बर्ष देखि आएको माहामारी, एक अर्का देश बिचको द्वन्द, मानवीय आधारभूत आवश्यकतामा पर्ने बस्तु तथा सेवाहरू भएको उल्लेख्यनीय मूल्यवृद्धि, कोभिड पछिको व्यापार व्यवसायमा पुनःउत्थान हुन नसक्नु जस्ता चुनौतीहरू सँग सँगै देशव्यापी रूपमा मात्र नभई विश्वव्यापी रूपमै भएको आर्थिक मन्दी र केही सहकारी संस्थाहरूको गलत अभ्यासका कारण सहकारी क्षेत्रमा आएको भारी चुनौती एवं क्षेत्र प्रतिकै अविश्वासको कारण थप चुनौती खडा भएको छ । जसका कारण यस आर्थिक वर्ष वित्तिय बजार तरलता संकुचनको अवस्थाबाट गुज्रीयो यस्तो कठिन अवस्थामा पनि स्थिर भई सदस्यहरूमाझ सेवा दिन सक्नुलाई नै यस आर्थिक वर्षको महत्वपूर्ण उपलब्धीको रूपमा मानेको छौं ।

तसर्थ सदस्य र संस्था बिच पारस्परिक सहयोग, सद्भाव, समानताका साथै आर्थिक, सामाजिक, न्यायिक एवं शैक्षिक उद्देश्यहरू प्राप्ती गर्नका निमित्त कटिबद्ध भई हामी हाम्रा सदस्यहरू माझ सदैव सदस्य सेवा मैत्री भावले उपस्थित भएका छौं ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस परिप्रेक्ष्यमा तमाम चुनौतीहरूबाट संस्था र सदस्यहरूको सर्वोत्तम हित र समुन्नतिका लागि आ-आफ्नो क्षेत्रबाट अघि बढ्नुपर्ने कुराको अनुभूति आज सर्वत्र गरिएको छ र हामीलाई पनि भएको छ । यस्तो परिस्थितिको बावजूत पनि सदस्य महानुभावहरूको अविच्छिन्न साथ, सहयोग र हौसलाका साथ संस्थाले आर्थिक वर्ष २०७९/०८० मा हासिल गरेका वित्तीय उपलब्धिहरू सन्तोषजनक रहेका छन, जसले गर्दा हामी सबैलाई ठुलो हौसला मिलेको छ । यसका लागि सबै सदस्य महानुभावहरू प्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं । साथै आउँदा दिनहरूमा पनि सदाझैं सदस्य हितलाई केन्द्रविन्दुमा राखेर संस्थाको समग्र सेवा व्यवस्थापनलाई, समय र प्रविधिको गतिशीलता सँगै उपयोगी, विश्वसनीय र चुस्त बनाउने प्रयासमा हामी निरन्तर लागिपरेका छौं । यस कार्यलाई थप परिभाषित र परिष्कृत गर्न सदस्यहरूको सृजनात्मक अनि रचनात्मक सल्लाह सुझावहरू आत्मसात गर्दै सञ्चालक तथा व्यवस्थापन समूहको ज्ञान, सीप र अनुभवको सम्मिश्रण गरी संस्थागत विकासका लागि हामी सधैं दत्तचित्त छौं ।

## प्रविधि

प्रविधिको प्रयोग र यसको जोखिमलाई न्यूनीकरण गर्दै संस्थाको कार्य प्रणाली समयसापेक्ष बनाउन संस्थामा लेखामापन कार्यका लागि अत्याधुनिक सफ्टवेयरको व्यवस्था गरिएको छ । त्यस्तै संस्थाले सदस्यहरूको रकम संकलन सुरक्षित राख्न ट्याबलेट मार्फत रकम संकलन गर्ने, Internet Banking मार्फत सदस्य सेवाको खाताबाट ई-सेवा, खल्ती, फोन-पे लगायत अन्य वालेटहरू तथा विभिन्न बैंक खाताहरूमा रकम ट्रान्सफर गर्न सक्ने, आफ्नो कारोवारको Statement हेर्ने, मोबाइल रिचार्ज गर्ने, बिजुलीको बिल भुक्तानी, इन्टरनेट बिल भुक्तानी, टेलिभिजनको बिलको भुक्तानी, आन्तरिक हवाई टिकट, ब्लुबुक नवीकरण, ट्राफिक जरिवाना शुल्क तिर्ने सुविधा लगायत Cash Less कारोवारका लागि सदस्यहरूले QR भुक्तानी सेवाबाट संस्थाको खातामा रकम ट्रान्स्फर गर्ने आदि जस्ता महत्वपुर्ण सेवाहरू सदस्यहरूलाई प्रदान गरिरहेको छ । यसका साथमा Cash Less कारोवारलाई प्रोत्साहन गर्दै सदस्यहरूलाई ४ हजार भन्दा बढी QR Stand वितरण गरी आवश्यक प्राविधिक शिक्षा समेत प्रदान गरेको कुरा यस गरिमामय १२ औं वार्षिक साधारण सभामा जानकारी गराउँदछु ।

## मानब संसाधन/व्यवस्थापन

संस्थाको आन्तरिक सुशासन, प्रभावकारी नेतृत्व विकास तथा समग्र संस्थागत लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नका निमित व्यवस्थित र पारदर्शिमुलक मानव संगठनको आवश्यकता पर्दछ र सो दक्ष, अनुभवी, इमान्दार उत्पादनशील तथा कर्तव्यनिष्ट कर्मचारी विना संस्थाको वृद्धि विकास अकल्पनीय छ । संस्थाको मर्म बुझी मर्यादित कार्यको सुनिश्चितता गरी आफ्ना सिपलाई सकारात्मक सोच तर्फ उन्मुख गराउने ती सम्पूर्ण कर्मचारीहरू प्रति संस्था कृतज्ञ छ ।

संस्थाका विस्तारित भौतिक संरचना सँग सगै मानव संसाधनमा फेरबदल हुनु स्वभाविक हो । तसर्थ आ.व. २०७९/०८० को अन्त्य सम्ममा मूख्य कार्यालय, सदस्य सेवा केन्द्रहरूमा विभिन्न पदमा गरि जम्मा ६५ जना कर्मचारीहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गरिएको छ । संस्थामा कार्यरत कर्मचारीहरूलाई योग्य र दक्ष बनाउनको लागि समय समयमा विभिन्न क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गर्दै आइरहेको छ भने संस्थागत नीति नियम भन्दा बाहिर रहेर कार्य गर्ने र संस्थाको गोपनियता भङ्ग गरी संस्थाको छविमा आँच आउने कार्य गरेको ठहर भएमा कर्मचारी प्रशासन विनियम तथा नेपाल सरकारको प्रचलित कानून बमोजिम दण्ड सजाय समेत गरी कर्मचारी प्रशासनलाई चुस्त दुरूस्त बनाइएको व्यहोरा आदरणीय शेयर सदस्य महानुभावहरूलाई जानकारी गराउँदछु ।

## सामाजिक कार्य

सामाजिक सद्भावका लागि सबैको सहभागिता र एक अर्काको अस्तित्व स्वीकार गर्न आवश्यक छ र सो अस्तित्वलाई  कायम राखिराख्नको लागि एक अर्का बिच प्रेम, सद्भाव र पारस्परिक सहयोग हुन जरूरी छ तसर्थ संस्थाले सदस्य र संस्था बिचको सम्बन्ध विस्तारका निमित्त संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहलाई उच्च प्राथमिकता दिदै आएको छ । यस अन्तर्गत संस्थाले विशेष गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा सम्बन्धित निकाय, समुदायस्तर र सदस्यहरूसँगको राय सल्लाह अनुसार सामाजिक कार्य गर्दै आइरहेको छ ।

## आदरणीय शेयर सदस्य महानुभावहरू

संस्थाको आ.व. २०७९/०८० को प्रगति विवरण

यस संस्थाको सञ्चालक समितिले आफ्नो कार्य शुरू गरे पश्चात् संस्थाले शेयर सदस्यहरूको हितलाई मध्यनजर गरी सहकारीको भावना अनुरूप आफ्नो लक्ष्य सफलतापूर्वक पूरा गरी रहेको व्यहोरा यहाँहरु सबैलाई अवगत नै छ । आगामी दिनमा पनि यस्तै सहयोग र सदभावको अपेक्षा राख्दै प्रस्तुत प्रतिवेदनमा आफ्ना रचनात्मक सुझाव राख्दै प्रतिवेदन पारीतका लागि हार्दिक अनुरोध गर्दछु ।

### १. शेयर पूजी:

आदरणीय शेयर धनी महानुभावहरू संस्थाको चुक्ता शेयर पूँजीलाई आधारस्तम्भको रूपमा मनन् गदैं गत आ.व. २०७८/०७९ मा शेयर पूँजी रू. ३ करोड ७४ लाख २४ हजार ६ सय रूपैयाँ रहेकोमा यस आ.व. २०७९/०८० मा संस्थाले शेयरपूँजी वृद्धि गरि संस्थाको कुल शेयर पूँजी रू. ४ करोड ८ लाख ५४ हजार रूपैयाँ पुर्‍याउन सफल भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

### २. बचत/निक्षेप संकलन:

आर्थिक वर्ष २०७९/०८० मा संस्थाले निक्षेप संकलन रू. ६४ करोड ६३ लाख २९ हजार ६ सय १४ रूपैया ७८ पैसा निक्षेप संकलन गर्न संस्था सफल भएको व्यहोरा जानकी गराउन चाहन्छु ।

### ३. कर्जा लगानी तथा असुली:

गत आ.ब. २०७८/०७९ को अन्त्यमा कर्जा लगानी रू. ७६ करोड २१ लाख ९४ हजार ३ सय ९३ रूपैयाँ ७७ पैसा रहेकोमा यस आ.व. २०७९/०८० को रू. ७८ करोड ६३ लाख ३६ हजार ९ सय ७८ रूपैयाँ ४४ पैसा कर्जा लगानी गर्न संस्था सफल भएको जानकारी गराउन चाहन्छु ।

### ४. कुल आम्दानी:

संस्थाले २०७८/०७९ मा रू. १२ करोड ७२ लाख ९९ हजार १ सय ३५ रूपैया २ पैसा कुल आम्दानी गरेकोमा आ.ब. २०७९/०८० को अन्त्यसम्ममा बृद्धि भई रू. १४ करोड ३७ लाख ७९ हजार ५ सय ३३ रूपैया ९५ पैसा आम्दानी गर्न संस्था सफल भएको शेयर सदस्य महानुभावहरूमा जानकारी गाउन चाहन्छु ।

### ५. कुल खर्च:

संस्थाको कुल खर्च आ.ब. २०७८/०७९ मा रू. ११ करोड ३० लाख ६ हजार ४ सय ६५ रूपैयाँ ७३ पैसा भएकोमा आ.व. २०७९/०८० मा बचतमा व्याज, वित्तिय खर्च, ह्रासकट्टी, कर्जा जोखिम कोष व्यवस्था तथा सञ्चालन खर्च गरी बुद्धि भई  रू. १३ करोड ७६ लाख ८६ हजार १ सय ६९ रूपैयाँ ४१ पैसा खर्च भएको जानकारी गराउन चाहन्छु ।

### ६. खुद नाफा (आयकर व्यवस्थाअघि)

आ.व. २०७९/०८० मा संस्थाले रू. ६० लाख ९३ हजार ३ सय ६४ रूपैयाँ ४५ पैसा नाफा आर्जन गरेको व्यहोरा जानकारी गराउन चाहान्छु।

### ७. कुल कारोवार सम्बन्धमाः

संस्थाको कारोवार नियमित रूपमा वृद्धि गर्नु व्यवस्थापनको सवलता हो । संस्थाको कारोबार प्रत्येक वर्ष उल्लेख्य रूपमा वृद्धि भइरहेको जानकारी गराउन चाहन्छु । यस आ.व. २०७९/०८० को अन्त्यसम्ममा रू. ९६ करोड १० लाख २३ हजार ८ सय २३ रूपैंया ७६ पैसा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

### ८. प्रस्तावित लक्ष्यको समिक्षा तथा भावी लक्ष्यहरूको सम्बन्धमा :

रणनीति तथा कार्यक्रम विनाको संस्था होस् या व्यक्ति गन्तव्यहिन यात्री जस्तै हुन्छ । यसले प्रगतिशिल संस्थाको परिकल्पना गर्न सक्दैन भन्ने तथ्य प्रति संस्थाको संचालक तथा अन्य विभिन्न समितीहरु संलग्न सम्पूर्ण कर्मचारीले राम्रोसँग बुझेको छ सो परिणाम स्वरूप संस्थाले हरेक आर्थिक बर्षमा लक्ष्य तथा कार्यक्रम घोषणा गरि कार्यन्वयन गर्दै हासिल समेत गरेको छ । संस्थाले वासलातलाई थप मजबुत बनाउन संख्यात्मक मात्र होईन गुणात्मक बनाउने लक्ष्य तथा कार्यक्रम अभ्यास गरिरहेको जानकारी गर्न चाहन्छु ।

भावी कार्यक्रमको रूपमा संस्थाको शेयर पूँजी बृद्धि गरी रू. ५ करोड ७५ लाख पुऱ्याउने र संस्थाको कुल कारोवारलाई गुणस्तरीय बनाई रू. १ अर्व १६ करोड पुऱ्याउने लक्ष्य सञ्चालक समितिले लिएको छ साथै विगत आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षमा पनि सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यलाई जोड दिदै सदस्यहरू र समुदाय माझमा समाज सेवा सम्बन्धी कार्यहरू गरि प्रभावकारी ढङ्गले अगाडी बढाउने लक्ष्य राखेका छौं ।

अन्त्यमा,

यस संस्थाको १२ औं बार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि व्यस्त समयको बाबजुत पाल्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, बिशेष अतिथीज्यूहरू, अतिथीज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, शेयरधनी महानुभावहरू, कर्मचारी साथीहरू, संचारकर्मी मित्रहरू सबैमा हार्दिक आभार प्रकट गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ! जय सहकारी, जय सदस्य सेवा ।

सित्तल प्रसाद शर्मा
अध्यक्ष

# सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि. को १२ औं वार्षिक साधारण सभा समक्ष लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

सदस्य सेवा बचत तथा ऋण सहकारी संस्थाको यस १२ औं वार्षिक साधारण सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, यस संस्थाका पदाधिकारी ज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरू, शेयर सदस्यज्यूहरू, यहाँ उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरूमा र पत्रकार मित्रहरूमा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छौं ।

आदरणीय शेयर सदस्यज्यूहरू,

यस संस्थाले आर्थिक तथा सामाजिक उद्देश्य पुरा गर्नका लागि शेयर सदस्यहरूलाई संलग्न गराई अघि बढेको पनि ११ औं बसन्त पार भइसकेको छ । सहकारी आफैंमा स्वनियमनको संस्था भएता पनि यसलाई जिवित र सन्तुलित राख्दै दिगो विकास गर्नका लागि नियमनकारी निकायको भूमिका, संचालक र लेखा समितीको भुमिकालाई अब्बल रूपमा प्रस्तुत गर्नु पर्ने आवश्यकता दिनानु दिन बढ्दै गएको छ । संस्थाको आर्थिक पारदर्शिता, लेखा व्यवस्थापनको योजना अनुरूप लेखा समितीले सन्तुलित संस्था विकास लागि यस आर्थिक बर्ष सक्रियता पूर्वक लागि परेको तथ्य जानकारी गराउन चाहन्छु ।

यस संस्थाको १२ औं बार्षिक साधारण सभामा अध्यक्षज्यूद्वारा प्रस्तुत विस्तृत प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदनले लेखा समितिका विषय बस्तुहरूलाई स्पष्ट पारिएको भएता पनि लेखा समितिको तर्फबाट महत्वपूर्ण विषय वस्तुलाई मेरो प्रतिवेदनमा समावेश गरेको छु । लेखा समितिको प्रतिवेदन सहकारी नियमावलीको निश्चित ढाँचामा प्रस्तुत गर्नुपर्ने व्यवस्थालाई मध्य नजर गर्दै सहकारी नियमावलीसँग सम्बन्धित रहि लेखा समितिको प्रतिवेदन यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**१) सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.को २०८० अषाढ मसान्तसम्मको कारोवारको विवरणहरू:**

| | |
|---|---|
| १. चुक्ता शेयर पुँजी | : रू. ४ करोड ८ लाख ५४ हजार मात्र |
| २. निक्षेप | : रू. ६४ करोड ६३ लाख २९ हजार ६ सय १४ रूपैंया ७८ पैसा मात्र |
| ३. कर्जा जोखिम कोष | : रू. ९६ लाख ७१ हजार ३ सय ६९ रूपैंया ७८ पैसा मात्र |
| ४. कर्जा लगानी | : रू. ७८ करोड ६३ लाख ३६ हजार ९ सय ७८ रूपैंया ४४ पैसा मात्र |
| ५. यस बर्षको नाफा/नोक्सान | : रू. ६० लाख ९३ हजार ३ सय ६४ रूपैयाँ ४५ पैसा |
| ६. स्थिर सम्पती | : रू. २ करोड ७५ लाख ७७ हजार ८ सय ७८ रूपैंया ७१ पैसा मात्र |
| ७. बैक तथा नगद मौज्दात | : रू. १३ करोड ३६ लाख ८३ हजार ३ सय ९ रूपैंया ८ पैसा मात्र |
| ८. कुल कारोवार | : रू. ९६ करोड १० लाख २३ हजार ८ सय ३ रूपैंया ७६ पैसा |

**२) अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था:**

अघिल्लो साधारण सभाको निर्णयहरु कार्यान्वयन गर्दै लगिएको छ । संस्थालाई समयको मागसँगै नयाँ गतिमा लैजानका लागि आगामी दिनहरुमा थप गतिशिल निर्णयहरु गर्नु आवश्यक छ।

**३) आ.व. २०७९/०८० मा बसेको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

आ.व. २०७९/०८० मा संचालक समिती बैठक २७ पटक र लेखा समितिको बैठक ५ पटक बसेको देखिएको छ, साथै बैठकको निर्णयहरु कार्यान्वयन गरेको पाईयो ।

**४) ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थाको बचत तथा ऋण नीति २०७३ अनुसार शेयर सदस्यहरुको व्यवसाय दर्ता, दुई जनाको व्यक्तिगत जमानी, संस्थासँग शेयर सदस्यहरुले गरेको कारोवारको आधारमा सामूहिक जमानी कर्जा तथा धितो मुल्याङ्कन गरि सम्बन्धित निकायमा धितो दृष्टिबन्धक रोक्का गरि कर्जा लगानी गरेको पाईयो ।

**५) सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**

संस्थाले सहकारी विभागले जारी गरेको मापदण्ड क्रमिक रुपमा पालना गर्दै आफ्नो कारोवारलाई क्रमिक रुपले सुधार गर्दै आफ्नो शेयर सदस्यहरूलाई सेवा दिदैं अघि बढाई रहेको छ ।

**६) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवदेन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वय सम्बन्धी विवरणहरू :**

सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवदेन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वय क्रमिक रुपमा सुधार गर्दै सहकारी बिभागले दिइएको समय सिमालाई मध्य नजर गरि कार्यन्वयन गर्दै लगेको पाईयो । कतिपय नितिगत सुझावलाई थप समय लिदैं लागू गर्दै संस्था अगाडी बढिरहेको छ ।

**७) पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

सञ्चालक समितिको पदाधिकारीहरू एवम् सदस्यहरुलाई बैठक खर्च बापत ११ औं वार्षिक साधरण सभाले स्वीकृत गरे बमोजिम प्रति बैठक रू. २,०००/- का दरले वर्षमा १३ वटा बैठकको बैठक भत्ता र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई प्रति बैठक रू. २,०००/- का दरले बर्षमा ५ वटा सम्मको मात्र बैठक भत्ता उपलब्ध गराएको दखियो ।

**८) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

८.१ साधारण सभाबाट कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : २०७३ सालमा पारित भएको साथै समय अनुसार परिमार्जित गर्दै लगिएको ।

८.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याईएको छ ।

८.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : पारदर्शी भएको

८.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको : रहेको

**९) लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था:**

सही सुझावको कार्यान्वयन विना संस्थाले गति लिन सक्दैन। सही सुझावलाई आत्मसाथ गर्दै कार्यान्वयन गर्नु नै संस्थाको सफलता भएकोले गत आ.ब.को सुझावलाई कार्यान्वयन गर्दै लगिएको पाईन्छ ।

**१०) लेखा समितिको सुझावहरू:**

१०.१ संस्थाले धितो कर्जालाई प्राथमिकतामा राखी लगानी गर्नुपर्ने देखिन्छ ।

१०.२ कर्जा लगानीको अवधि हाल १ बर्षसम्मको मात्र भएकोले देशको वर्तमान आर्थिक अवस्थालाई ध्यानमा राखी कर्जाको समायावधि बढाउनु पर्ने देखिन्छ ।

१०.३ समयअनुसार संस्थाका विभिन्न नीतिहरू संसोधन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
१०..४ संस्थाको जेगडा कोषलाई थप मजबुत गर्दै लैजानु पर्ने देखिन्छ ।

अन्तमा संस्थाको गरिमामय १२ औं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण व्यक्तित्वहरूमा हार्दिक आभार प्रकट गर्दै हार्दिक शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद । जय सहकारी । जय सदस्य सेवा ।

लेखा समिति सदस्यहरूः
१. नग्मा कार्की क्षेत्री
२. सागर राउत

**R.B Katuwal & Associates (Registered Auditor)**
**आर.वि.कटुवाल एण्ड एसोसिएट्स (दर्तावाला लेखापरीक्षक)**
Registered No : 5940 `B`
COP No : 1239
VAT No : 500086544 Koteshwor-32, Kathmandu

**सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**कोटेश्वर,काठमाण्डौं**
**का शेयर सदस्यहरूसमक्ष**
**आ.व. २०७९/०८० को**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**राय**

हामीले सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड कोटेश्वर,काठमाण्डौंको यसैसाथ संलग्न वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं जसमा २०८० साल आषाढ मसान्तको वित्तिय विवरण, सोही मितिमा समाप्त भएको आय व्यय विवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन तथा अन्य लेखासम्बन्धी नीति तथा टिप्पणी पर्दछन् ।
तल उल्लिखित अन्य कानुनी तथा नियमनकारी व्यवस्थामाथिको प्रतिवेदन हामीलाई दिएको जानकारी र स्पष्टीकरण तथा संलग्न लेखा नीति र टिप्पणीअनुसार, हाम्रो रायमा
क) वित्तिय स्थिति विवरणले संस्थाको २०८० आषाढ मसान्तसम्मको आर्थिक अवस्था,
ख) आय व्यय विवरणले उक्त मितिमा समाप्त भएको अवधिको सञ्चालन नतिजा र,
ग) नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त अवधिको नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले नेपाल वित्तिय विवरण प्रतिवेदनमान (एन.एफ्.आर.एस्.) अनुसार छुट्टै वित्तिय विवरण तयार नगरेकोले सो उपर कुनै राय व्यक्त गरिएको छैन ।

**रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको *"वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी"* शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं । यस संस्थाले नेपाल वित्तिय विवरण प्रतिवेदनमान अनुसारको वित्तिय सुचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा गर्नु पर्नेमा सो अनुरुप नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुन सक्छ । नेपाल वित्तिय विवरण प्रतिवेदनमान पहिलो पटक लागु गर्दा वित्तिय विवरणमा पर्नसक्ने असरको बारेमा लेखापरिक्षणको शिलसिलामा प्राप्त प्रमाणहरु पर्याप्त नहुन सक्छ जसले लेखापरीक्षकको रायको लागि उपयुक्त आधार प्रदान गर्दैन ।

**व्यवस्थापनको दायित्व**

नेपाल लेखामानअनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारीअन्तर्गत जालसाझी वा गल्ती तथा सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्न, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, लेखा नीतिहरूको छनोट तथा लागू गर्न एवं परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

**R.B Katuwal & Associates (Registered Auditor)**
